मिति २०७८/०४/३२ वैठक संख्याः ७५

आज मिति २०७८/०४/३२ गते बिहान ८:०० बजे यस देवघाट गाउँपालिकाका अध्यक्ष श्री दुर्ग बहादुर थापाको ज्युको अध्यक्षतामा देवघाट गाउँकार्यपालिकाको वैठक बस्यो ।

**उपस्थितीः**

| | नामथर | पद |
|---|---|---|
| १) | श्री दुर्ग बहादुर थापा | गा.पा. अध्यक्ष |
| २) | श्री बिमला थापा | गा.पा. उपाध्यक्ष |
| ३) | श्री श्री नरहरि सापकोटा | सचिव (प्रमुख प्रशासकिय अधिकृत) |
| ४) | श्री भिम बहादुर गुरुङ | १ नं. वडाध्यक्ष |
| ५) | श्री पोल बहादुर आले | २ नं. वडाध्यक्ष |
| ६) | श्री कृतिमान आले | ३ नं. वडाध्यक्ष |
| ७) | श्री पदम बहादुर गुरुङ | ४ नं. वडाध्यक्ष |
| ८) | श्री याल बहादुर गुरुङ | ५ नं. वडाध्यक्ष |
| ९) | श्री चन्द्र प्रकाश वि.क. | गा.का.पा. सदस्य |
| १०) | श्री रत्न बहादुर बोटे | गा.का.पा. सदस्य |
| ११) | श्री बाल कुमारी परियार | गा.का.पा. सदस्य |
| १२) | श्री भोगी माया राना | गा.का.पा. सदस्य |
| १३) | श्री अनिता गुरुङ | गा.का.पा. सदस्य |
| १४) | श्री यम माया गुरुङ | गा.का.पा. सदस्य |

**कर्मचारी उपस्थितीः**

श्री उमानाथ ढकाल (लेखा अधिकृत)

श्री गोविन्द प्रसाद पौडेल (अधिकृत)

श्री दुर्गा बहादुर राना (प्र. [illegible])

देवघाट गाउँपालिका

वैठक संख्या ७५ मिति: २०७८/०४/३२

प्रस्तावहरु:

१. समिक्षा तथा जानकारी ................
२. अख्तियार दुरुपयोग अनुसन्धान आयोगको पत्रको व्यहोरा बमोजिम आयोगमा पर्न गएको उजुरीका सम्बन्धमा कार्यालयको राय प्रतिक्रिया सम्बन्धमा ।
३. राहत सहयोग सम्बन्धमा ।

निर्णयहरु:

१. पूर्व वैठकका निर्णयहरुको कार्यान्वयनको स्थिति, कामको प्रगतीको बारेमा छलफल तथा समिक्षा एवं गाउँ कार्यपालिकाको कार्यालयबाट सम्पादन भएका कार्यहरुको समीक्षा गरियो ।
२. अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टङ्गाल, काठमाण्डौको पत्र संख्या ४/स्थानीय/२५३२/२०७७/०७८, च.नं. ०४७४, मिति २०७८/४/४ गतेको राय प्रतिकृया सहित कागजात पठाउने व्यहोराको मिति २०७८/०४/२१ गते यस कार्यालयमा प्राप्त हुन आएको पत्रमा उल्लेख भएअनुसार विभिन्न मितिमा विभिन्न दर्ता नं. मा परेका उजुरीको निवेदनमा समावेश गरिएका विषयहरु कार्यपालिका बैठकमा प्रस्तुत गरिएकोमा सो सम्बन्धमा जानकारी भयो । पत्रमा उल्लेख भएअनुसार गाउँपालिकाको वडा नं. ५ स्थित त्रिशुली नदी तर्फ भुवनटारघाट र सेती भतेरी घाट, काली नदी तर्फ काली भतेरी घाटमा गैर कानुनी रुपमा नदीजन्य पदार्थको ठेक्का सम्झौता भइ बिक्री एवम् ओसार पसार भइराखेको, जिल्ला वन कार्यालयको अनुमतिविना नै सःमिल सञ्चालनमा रहेको, कोटा खेलकुद मैदान निर्माणमा अनियमितता भएको, दास ढुङ्गा-देउपुर खण्डमा भएको ग्राभेल कार्य, युवा स्वरोजगार कोषको व्यवस्थापन तथा कर्मचारी भर्ना लगायतका विषयमा व्यापक अनियमितता भएको भनी खुलाइएका सबै बुँदाको व्यहोरा समेत अवगत भयो । उजुरीमा उल्लेखित प्रत्येक विषयसँग सम्बन्धित कागजातहरुको प्रमाणित प्रतिलिपी सहित गाउँपालिकाको राय प्रतिकृया माग गरिएको सम्बन्धमा क्रमशः छलफल र समीक्षा समेत गरियो । यस सम्बन्धमा यस पूर्वको कार्यपालिका बैठकमा पनि जानकारी हुन आएको र पत्रमा समावेश भएका विषयमा यस कार्यालयबाट भए गरेका काम कारवाही सँग सम्बन्धित भइ तयारी गरिएका श्रेष्ता अभिलेख र कागजातहरुको अध्ययन गर्दा गाउँपालिकालाई प्राप्त काम, कर्तव्य र अधिकार उल्लेख भएका कानुनी व्यवस्थाको अधिनमा रही आवश्यकतानुसार कानुन निर्माण र स्वीकृत गरी विभिन्न मितिका गाउँसभा र कार्यपालिकाको बैठकबाट निर्णयहरु गरी कार्यान्वयनको सिलसिलामा नियमित प्रशासनिक कार्य सम्पादन गर्ने सन्दर्भमा गाउँपालिका कार्यालय र आम नागरिक तथा सेवाग्राही महानुभावहरुको सर्वोत्तम हितलाई मध्यनजर गरी प्रचलित कानुन बमोजिमको कार्य प्रक्रिया पुरा गर्दै असल नियतका साथ कामकारवाहीहरु गरिएको र उजुरी निवेदनमा उल्लेख गरिएअनुसार गैरकानुनी रुपमा नदीजन्य पदार्थको ठेक्का सम्झौता भइ बिक्री तथा ओसार पसारको काम नभइ

दुर्गा बहादुर थापा
अध्यक्ष

नरहरि अर्यालकोटा
प्रमुख प्रशासकीय अधिकृत

आन्तरिक आयलाई विशेष प्राथमिकतामा राखी कानुन, विधि र प्रक्रिया अनुसार रित पूर्वक ठेक्का व्यवस्थापनका कार्यहरु सञ्चालन गरिएको, यस कार्यालयमा हाल सम्म कुनै पनि सःमिल दर्ता भइ सञ्चालनमा नरहेको, कोटा खेलकुद मैदानलाई गाउँपालिका स्तरीय खेलमैदानको रुपमा उच्च प्राथमिकतामा राखी स्थानीय समुदायको सक्रिय सहभागितामा खेलकुद क्षेत्रका सरोकारवाला पक्षहरुको विशेष भुमिका स्थापित गराइ गाउँपालिका तथा वडा कार्यालयको विशेष अनुगमन र निगरानीमा कानुन बमोजिमको कार्य प्रक्रियाको पालना गर्दै खेलकुद मैदान निर्माणको काम भएकोले उक्त काममा कुनै पनि अनिमियतता नभएको, दासढुंगा-देउपुर खण्डमा भएकोग ग्राभेल गर्ने कार्य, युवा स्वरोजगार कोषको व्यवस्थापन तथा कर्मचारी भर्ना लगायतका विषयमा कुनै अनियमितता, हिनामिना नभएको तथा कानुन विपरितका कुनै पनि कामहरु नभएको नगरिएको निष्कर्ष सहितको व्यहोरा खुलाई माग गरिएका काम सँग सम्बन्धित अभिलेख कागजातहरुको छायाँ प्रति सहितको विवरण एवम् यसै निर्णयको प्रतिलिपी समेत संलग्न गरी लिखित जवाफ पठाउने निर्णय गरियो ।

३. मिति २०७८/०४/१८ गते देवघाट गाउँपालिका वडा नं. २ खाल्टे बस्ने खड्क बहादुर दर्जीको छोरा वर्ष २२ को सन्त बहादुर दर्जी झुण्डिएर मृत्यु भएको र लास व्यवस्थापन गर्दा खर्च भएको र निजको घरको आर्थिक अवस्था कमजोर भएकोले निज खड्क बहादुर दर्जीलाई लास व्यवस्थापन खर्च बापतको रकम रु. १५,०००.०० (अक्षेरुपी पन्ध्र हजार रुपैया मात्र) उपलब्ध गराउने निर्णय गरियो ।